
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज ८ गते शनिबार ❑ 24 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## नागरिकता विधेयकसम्बन्धी रिटको सुनुवाइ आइतबार

**रासस**
**काठमाडौं, ७ असोज**

सर्वोच्च अदालतमा 'नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९' को प्रमाणीकरण सम्बन्धमा परेको रिटको पेसी पर्सि आइतबारलाई सरेको छ ।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले शुक्रबारलाई तोकिएको पेसी समय अभावका कारणले हेर्न नभ्याइएपछि आइतबारलाई सारिएको जानकारी दिनुभयो । "आज धेरै मुद्दा भएको हुनाले रिटको सुनुवाइ हुन सकेन", उहाँले भन्नुभयो, "अब पर्सि (आइतबार) रिटमाथिको सुनुवाइ हुनेछ ।" रिटको पेसी शुक्रबार न्यायधीश डा मनोजकुमार शर्माको एकल इजलासमा परेको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीलेनागरिकता विधेयकलाई प्रमाणीकरण नगरेपछि राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाई प्रमाणीकरणको माग गर्दै रिट दायर गरिएको हो ।

प्रवक्ता पौडेलका अनुसार नागरिकता विधेयक प्रमाणीकरणका लागि पाँच वटा रिट परेका छन् । रिटमा सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)ले दोस्रो पटक पारित गरेको नागरिकता विधेयकलाई राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि नगरेर संविधानको उल्लङ्घन भएको जनाइएको छ ।

संविधानको धारा ११३ को उपधारा (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनःविचार गरी त्यस्तो विधेयक प्रस्तुतरूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ ।

## घान्द्रुकमा बौद्धमार्गीहरुका लागि विद्यालय निर्माण हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ घान्द्रुकस्थित ओप्लेँमा बौद्धमार्गीहरुका लागि (पाल डाकार छ्योईदुब लीङ) विद्यालय निर्माण हुने भएको छ ।



अन्नपूर्ण गाउँपालिका ११ ओप्लेँमा करिब ४ करोडको लागतमा निर्माण हुने भएको हो । सो विद्यालय आगामी २ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरि काम अगाडी बढाइने पाल डाग्युर सङासङाग् छोइलिङ गुम्बा सराङ्कोटका धर्मगुरु गुप्ती गुरुङले जानकारी दिए । उनका अनुसार १० रोपनीको क्षेत्रफलमा विद्यालय निर्माण हुनेछ । विद्यालयसँगै सग्रहालय, चमेना गृह, छात्राबास, किचन तथा डाइनिङ हल, (छम) गुफा बस्ने कुटी, मेडिटेशन र पुजा गर्ने हल र स्टुपासमेत निर्माण हुनेछ ।

गुप्ती गुरुङको अगुवाईमा निर्माण हुने विद्यालयका लागि अन्नपूर्ण गाउँपालिका ११ ओप्लेंका स्वर्गीय चन्द्रसिङ गुरुङ, लटे गुरुङको स्मृतिमा कुलबहादुर गुरुङ, रुपकुमारी गुरुङ, खुसीमान गुरुङ, चन्द्र गुरुङ र हङ्क निवासी विश्वसम गुरुङको सपरिवारले १० रोपनी निशुल्क जग्गादान गरेको समाजसेवी अमृत लामा गुरुङले बताए ।

'सामाजिक मात्रै नभई धार्मिक काममा आफ्नो जग्गा दान गर्नु सामान्य विषय होइन, उनले भने, 'उहाँहरुले पाल डाकार छ्योईदुब लीङ विद्यालयका लागि १० रोपनी जग्गा दान दिनुभएको छ । यो एउटा उदाहरणीय कार्य हो ।'

यसैगरि सो विद्यालयको निर्माणको जिम्मा लिएका धर्मगुरु गुरुङले मानव जातिबीचको एकताले नै मानवता कायम हुने धारणा राखे । 'मानिस मरेर गए भएको सम्पत्तीसँगै लैजान सक्दैन । मानवचोला सफल हुन सहयोगी हुनुपर्छ । मानवजातिको उत्थानका लागि शान्ति स्थापना हुनुपर्छ, उनले भने, 'सबै मानवजाति एक भए मात्र मानवता कायम हुन्छ । सबै मानव एक हौं भन्ने सन्देश दिन विद्यालयको स्थापना गर्न लागेको हो ।' उनले घान्द्रुक पर्यटकको केन्द्रविन्दु भएको बताउदै विद्यालयले पर्यटन क्षेत्रमा थप महत्वपूर्ण योगदान खेल्नेसमेत बताएका थिए ।

यसै गरी अन्नपूर्ण गाउँपालिका ११ ओप्लेंमा निर्माण हुने बौद्ध विद्यालयको बिहिबार शिलान्यास पूर्वराज्यमन्त्री प्रकाशबहादुर गुरुङले पर्यटन क्षेत्रको विकाससँगै शैक्षिक क्षेत्रमासमेत सहयोग पुग्ने बताए । 'घान्द्रुक पर्यटन क्षेत्रको केन्द्रबिन्दु भएपनि विद्यार्थीहरु बौद्ध शिक्षा गाउँमा नै अध्ययन गर्ने वातावरण छैन, उनले भने, ' त्यसकारण बौद्ध शिक्षाको लागि शहर भर्ने क्रमलाई पाल डाकार छ्योईदुब लीङ विद्यालयले रोक्नेछ ।

उनले पछिल्लो समय विश्वमा अहिंसा बढ्दै गएको बताउदै बौद्ध धर्मको महत्व बढ्दै गएको उल्लेख गरे । 'विश्वमा नै अहिंसा बढ्दै छ, सबैलाई शान्ति चाहन्छ त्यसैले बौद्ध धर्म र शिक्षाको महत्व बढ्दै छ, शान्तिबाट नै सबैको महिमा कायम हुन्छ ।' पूर्वराज्यमन्त्री गुरुङले भने ।

त्यस्तै अन्नपूर्ण गाउँपालिका ७ का वडाध्यक्ष भरतमान गुरुङले बौद्ध विद्यालयको निर्माणले घान्द्रुकको विकासमा थप मद्दत पुग्ने बताए । 'समाज परिवर्तन गर्न शिक्षाको महत्वपूर्ण भुमिका रहन्छ । हत्या हिंसाले समाज परिवर्तन हुदैन शान्ति स्थापना गर्न सके मात्र समाजको विकास हुन्छ, उनले भने, 'त्यसैले शान्ति पाउन बौद्ध ज्ञान अनिवार्य छ ।'

सो विद्यालय निर्माणका लागि तमु प्हे ल्हु संघका भुतपूर्व अध्यक्ष क्याप्टेन रुपबहादुर गुरुङले शुभकामना मन्तव्य व्यक्त गर्दै ५० हजार ५ सय ५ रुपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए । अब विद्यालय निर्माण समितिले आर्थिक संकलनलाई तिब्रता दिने बताएको छ ।

## राजनीति सही भएमात्र मुलुकको विकास सम्भव

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

मुलुकको राजनीतिक परिस्थिति सहज भएमात्र मुलुकको विकास र प्रगति अघि बढ्ने शुक्रबार यहाँ आयोजित कार्यक्रमका सहभागीले बताउनुभएको छ । नेपाल ट्रेड युनियन कांग्रेसद्वारा शुक्रबार पोखरामा आयोजित कार्यक्रमका सहभागीले सो धारणा व्यक्त गर्नुभएको हो ।

नेपाल टेलिकम वर्कर्स युनियन प्रादेशिक समिति गण्डकी प्रदेश पोखराको दोस्रो अधिवेशनको उद्घाटन गर्दै एटियुसी राष्ट्रिय समितिका उपमहासचिव राजेश पालिखेले राजनीति सही र स्वस्थ भएमात्र मुलुकको प्रगति हुने धारणा व्यक्त गर्नुभयो । प्रदेश अध्यक्ष चन्द्रबहादुर पाण्डेको अध्यक्षतामा भएको सभामा नेपाल टेलिकम प्रादेशिक निर्देशनालय गण्डकी प्रदेशका निर्देशक इन्दल यादवले संस्थाको हितमा युवा जोस र जाँगरसहित आधुनिक प्रविधिको अनुसरण गर्न आग्रह गर्नुभयो ।

वर्कर्स युनियनका केन्द्रीय सदस्य हेरम्बदेव भट्टराईले सामाजिक मूल्य मान्यतालाई स्थापित गराउँदै आएको युनियनले २९ बुँदे सम्झौता कार्यान्वयनसँगै अनुगमनकाकामलाईप्रभावकारी बनाउनुपर्ने बताउनुभयो । ट्रेड युनियन कांग्रेस कास्कीका अध्यक्ष विजयराज भण्डारीले पेशाकर्मीको एकतामा जोड दिँदै नयाँ नेतृत्वलाई मिलाएर लैजान आग्रह गर्नुभयो । सहमतिको प्रयास भइरहेको प्रदेश समितिमा ६० जना प्रतिनिधिले मतदानमा भाग लिने छन् ।

## डा केसीको स्वास्थ्य अवस्था बिग्रँदै

**रासस**
**काठमाडौं, ७ असोज**

त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालले डा गोविन्द केसीको स्वास्थ्य अवस्था बिग्रँदै गएको जनाएको छ ।

अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले शुक्रबार विज्ञप्ति जारी गर्दै डा केसीको स्वास्थ्य अवस्था बिग्रँदै गएको जनाउनुभएको छ ।

उहाँका अनुसार हरेक दिन बिराएर गरिएका प्रयोगशाला परीक्षणको रिपोर्टअनुसार शरीरमा इलेक्ट्रोलाइट्सको मात्रा घट्दै गइरहेको छ । इलेक्ट्रोलाइट्सको आपूर्तिका लागि डा केसीले अस्वीकार गरिरहेको उहाँले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

डा केसीको दिसामा रगत देखिने समस्या देखिएपछि अस्पतालमा भर्ना गरेपछि अहिले भने दिसामा रगतको देखा नपरेको अस्पतालले जनाएको छ । स्वास्थ्य क्षेत्रको सुधारको माग गर्दै विगत ११ दिनदेखि कैलालीको धनगढीबाट अनशन सुरु गर्नुभएका डा केसीको दिसामा रगत देखापरेको लगायतका समस्या उत्पन्न भएपछि यही असोज ६ गते बेलुका अस्पतालमा भर्ना गरिएको हो ।

## आयोगको सहमतिबिना निर्वाचन क्षेत्र नछाड्न निर्वाचन अधिकृतलाई निर्देशन

**रासस**
**पोखरा, ७ असोज**

निर्वाचन आयोगले पूर्वसहमति बिना तोकिएको निर्वाचन क्षेत्र नछाड्न सबै निर्वाचन अधिकृतलाई जानकारी गराएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले शुक्रबार एक विज्ञप्ति जारी गर्दै निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेपछि पूर्वसहमति बिना निर्वाचन क्षेत्र नछाड्न निर्वाचन अधिकृतलाई जानकारी गराउने निर्णय गरेको जानकारी दिनुभयो । आयोगले शुक्रबार प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि यही असोज १५ देखि २० गतेभित्र निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने निर्णय गरेको छ ।

आयोगले यही असोज ११ गतेदेखि लागू हुने गरी आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरिसकेको छ । आयोगले न्याय परिषद्को सिफारिसमा ७७ जिल्लाका जिल्ला न्यायाधीशलाई सोही जिल्लाको मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको सिफारिसमा बाँकी ८८ निर्वाचन क्षेत्रमा नेपाल न्याय सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गरेको छ ।

## पोखरालाई ढोरपाटनसँग जोड्न साइकल यात्रा

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

पोखरालाई बागलुङको ढोरपाटनसँग जोड्नका लागि पर्यटन अभियान्ता तथा सगरमाथा आरोही कृष्ण केसीले छ दिने साइकल यात्रा थाल्नुभएको छ ।

पर्यटन प्रवर्द्धन गर्दै पोखराका पर्यटनलाई ढोरपाटन ल्याउनका लागि उहाँले बिहीबार पोखराबाट साइकल यात्रा थाल्नुभएको छ । विभिन्न समयमा पर्यटन प्रवर्द्धनात्मक अभियान चलाउँदै आउनुभएका कृष्ण केसी गृह जिल्ला बागलुङको प्रवर्द्धनका लागि साइकल यात्रा गरेको बताउनुभयो ।

विश्व पर्यटन दिवसको अवसरमा छ दिने साइकल यात्रा थाल्नुभएको हो । साइकल यात्राको दोस्रो दिन शुक्रबार बागलुङ बजार आउनुभएका केसी म्याग्दी हुँदै ढोरपाटन पुग्ने योजना रहेको बताउनुभयो ।

धौलागिरी, निलगिरी, ढोरपाटन र कालिगण्डकीको प्रचारका लागि आफ्नो साइकल यात्रा साङ्केतिक भएको साइकल यात्री तथा पर्यटन अभियान्ता कृष्ण केसीले बताउनुभयो । केसीलाई शुक्रबार बिहान बागलुङ कालिका मन्दिर परिसरमा बागलुङ उद्योग वाणिज्य सङ्घ बागलुङ र कालिका भगवती गुठी व्यवस्थापन समितिले स्वागतसमेत गर्नुभएको छ । बागलुङमा जन्मनुभएको केसीले पर्यटन अभियानलाई निरन्तररूपमा प्रवर्द्धन गर्दै आउनुभएको छ ।

"धौलागिरी, निलगिरी, ढोरपाटन र कालिगण्डकीको छोटो रुप 'धौनिढोका'को प्रचारप्रसारका लागि एकल साइकल यात्रा हो यो, यात्राका क्रममा साहसिक पर्यटकीय क्षेत्रको रूपमा चर्चित कुस्मा र बलेवा जोड्ने बञ्जी पुल, अन्य झोलुङ्गे पुलको यात्रा पछि अहिले बागलुङ आएको छु", केसीले भन्नुभयो, "११ गते विश्व पर्यटन दिवसको दिन ढोरपाटन पुग्ने गरी म्याग्दी बजार, तातोपानी कुण्ड हुँदै बागलुङको तमानखोला गाउँपालिकादेखि ढोरपाटन पुग्ने योजना छ ।"

पर्यटन प्रवर्द्धनका लागि एक्लै यात्रा गरेर सांकेतिकरूपमा सन्देश दिन खोजेको बताउँदै निर्वाचनपछि पोखराका पर्यटन व्यवसायीलाई ढोरपाटन उतार्ने योजना रहेको बताउनुभयो । साइकल यात्राका क्रममा पर्वत, बागलुङ र म्याग्दीका पर्यटन व्यवसायी, उद्योग वाणिज्य सङ्घ तथा पर्यटन प्रवर्द्धन अभियानतासँग भेटघाट गर्दै हिड्ने कार्यक्रम रहेको छ । जनयुद्धका विषयमा किताबसमेत लेख्दै आउनुभएका केसीले लोलुफेरा प्रवर्द्धनमा ठूलो भूमिका निभाई सक्नुभएको छ । नेपालका ७७ जिल्ला भ्रमण गरिसक्नुभएका केसीले बागलुङको ढोरपाटनमा पर्यटन ल्याउनका लागि विभिन्न योजना ल्याउँदै आउनुभएको छ । विश्व पर्यटन दिवसको अवसरमा ११ गते ढोरपाटनमा घोडा जात्राको आयोजना गरेको बताउनुभयो ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो' प्रतियोगिता पोखरामा जारी

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज

दश स्वर्ण पदक सहित नेपाल अग्र स्थानमा रहेको छ। पोखरामा जारी 'तेश्रो माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनसिप २०२२' जि-२ र्‍याकिङ तथा 'प्रथम जिसिएस माउन्ट एभरेष्ट अन्तर र्राष्ट्रिय खुला पुम्से च्याम्पियनसिप-२०२२' अन्तर्गत १० स्वर्ण पदक सहित नेपालध अग्र स्थानमा रहेको छ।




पुम्से तर्फको इभेन्टमा २१ वटा विभिन्न समुहको प्रतिष्प्रर्धामा नेपालले १० वटा स्वर्ण पदक हात पार्दै अग्र स्थानमा रहेको गण्डकी प्रदेश तेक्वान्दो संघका अध्यक्ष जगन बहादुर गुरुङले बताए। विहिबार देखि पोखरामा सुरु भएको उक्त प्रतियोगिता अन्तर्गत व्याडमिन्टन कोर्टमा भएको भएको प्रतिष्प्रर्धामा नेपाल पछि मिछेमी मुलुक भारतले ७ स्वर्ण पदक हात पार्दै नेपाललाई पछ्याएको छ। १३ देशका सहभागि उक्त खेलमा मलेसियाले २ स्वर्ण, बंगलादेश र पाकिस्ताने भने एक एक स्वर्ण पदक हात पार्न सफल भएका छन्।

नेपालको जितमा स्वर्ण पदक ल्याउने खेलाडीहरु मध्य १४ देखि १८ बर्ष उमेर समुह तर्फ आयुष गुरुङ, १८ देखि ३० बर्ष महिला तर्फको उमेर समुहमा सविना, सुस्मिता र प्रंशना रहेका छन्। त्यसै गरी १८ देखि ३० बर्ष पुरुष तर्फको खेलमा जित, प्रेम र अन्जनको समुहले स्वर्ण पदक हात पार्दा १४ देखि १८ बर्ष उमेर समुहमा अर्पाणा चौधरीले स्वर्ण पदक दिलाईन। त्यसै गरी ९ देखि १२ बर्ष उमेर समुहमा प्रतिक्षा राना, १४ देखि १८ बर्ष टिम पुरुष तर्फको खेलमा ओम भण्डारी, उपासक घिमिरे र आयुष सुवाल, ९ देखि १२ बर्ष उमेर समुहमा महिला तर्फको खेलमा जेसिका लामा, रासिया श्रेष्ठ र कुसुम तामाङले स्वर्ण पदक जितेका थिए। त्यस्तै १२ देखि १४ बर्ष उमेर समुहमा ट्रिजन चौधरी र सोही इभेण्टको महिला तर्फको टिम इभेण्टमा अन्जलिा मुक्तान, सयिना रिजाल र निकीता रावतले स्वर्ण पदक हात पार्न सफल भए। विजयी खेलाडीहरुलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिब टंकलाल घिसिङ, सदस्य राजेश कुमार गुरुङ, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिब तेज बहादुर गुरुङ, भूतपुर्व खेलाडी मञ्चका अध्यक्ष हरि पराजुली, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतले पुरस्कार वितरण गरेका थिए। प्रतियोगिता अन्तर्गत रंगशालाको बहुउद्देश्यीय कभर्ड हलमा जि-२ र्‍याकिङ तथा ब्याटमिन्टनको हलमा पुम्सेका खेलहरु भईरहेका छन्।

उक्त प्रतियोगितामा नेपाल सहित, भारत, पाकिस्तान, श्रीलङ्का, अमेरीका, बंगलादेश लगायतका १३ देशका १ हजार ३ सय भन्दा बढी खेलाडीहरु सहभागि भएका छन्।



स्याङ्जाको गल्याङ-१ मा अवस्थित रामनदीधाम राम्दीस्थित कालीगण्डकीको किनारमा निर्माण गरिएको ईनार। यही ईनारमार्फत् राम्दी बजारमा पानी तानेर वितरण गरिएको छ। तस्बिर : तोलाकान्त बगाले/रासस

# भूगोलविद् डा गुरुङको स्मृतिमा उद्यान निर्माण हुँदै

पोखरापत्र संवाददाता
लमजुङ, ७ असोज

भूगोलविद् डा हर्क गुरुङको जन्मस्थल गाउँमा डा हर्क गुरुङ उद्यान निर्माण अन्तिम चरणमा पुगेको छ।

गण्डकी प्रदेश सरकार र मर्स्याङ्दी गाउँपालिकाको आर्थिक सहयोगमा मर्स्याङ्दी-७ मा उद्यान निर्माण भइरहेको डा हर्क गुरुङ प्रतिष्ठानले जनाएको छ। प्रतिष्ठानका अनुसार साढे पाँच रोपनी जग्गामा हालसम्म समाधिमा ढुङ्गाको छपनी बिच्छाउने, प्यारापिट निर्माण सम्पन्न भएको छ, भने, बगैँचा निर्माण भइरहेको वृक्षरोपण लगाउने र दुबो लगाउने काम भइरहेको छ। यसका लागि आर्थिक वर्ष २०७४/२०७५ देखियता प्रदेश सरकारले रु १० लाख र गाउँपालिकाबाट रु १४ लाख गरी २४ लाख बजेटमा कार्य भइरहेको



डा हर्क गुरुङ प्रतिष्ठानका अध्यक्ष तिलबहादुर गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "समाधिस्थलसँगै पार्क निर्माणका लागि डिपिआर तयार भइसकेको छ भने, यस वर्ष सङ्घीय सरकाबाट १५ लाखको योजना परेको छ।" यस रकमबाट शौचालय बनाउने र अन्य संरचना बनाउने भएको छ। पार्क १० रोपनीमा निर्माण हुने भएको छ। पार्क निर्माणका लागि रु छ करोड ३१ लाखको डिपियार तयार भएको उक्त प्रतिष्ठानका अध्यक्ष गुरुङको भनाइ छ। उक्त पुस्तकालय, डा गुरुङको शालिक, सङ्ग्रहालय, डा गुरुङका सामग्री प्रदर्शन कक्ष, सभा हल, फूल बगैँचा, मौलिक गुरुङ घरलगायतका संरचना तथा पार्क निर्माण गर्ने उक्त प्रतिष्ठानले जनाएको छ। लमजुङ मर्स्याङ्दी गाउँपालिका-७ तराँचे ताङ् लीचोकमा डा गुरुङ विसं १९९५ पुस २१ गतेका दिन बाबु पारसै गुरुङ र आमा मैँस्योको कोखबाट ठूलाकान्छा छोराको रुपमा जन्मिनुभएका डा हर्क बहुमुखी प्रतिभाका धनी हुनुहुन्थ्यो। विश्व वन्यजन्तु कोष नेपालले आयोजना गरेको कञ्चनजङ्घा संरक्षण क्षेत्र आयोजना स्थानीय समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रममा भाग लिएर फर्कने क्रममा डा हर्क चढेको हेलिकोप्टर विसं २०६३ असोज ७ गते (२००६, सेप्टेम्बर २३) को दिन दुर्घटना हुँदा मृत्यु भएको थियो। उहाँसहित २४ जनाले एकै पटक ज्यान गुमाउनुपरेको थियो। आज उहाँको १६ औं स्मृति दिवसको अवसरमा लमजुङ बैँसीसहरमा निर्माण गरिएको शालिकमा विभिन्न व्यक्तिद्वारा माल्यार्पण गर्दै उहाँको सम्झना गरिएको छ। संविधानसभा सदस्य जमिन्द्रमान घले, दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारी, प्रतिष्ठानका अध्यक्ष गुरुङलगायतले माल्यार्पण गरेको थियो। त्यस्तै, डा गुरुङको जन्मस्थल गाउँमा शुक्रबार दिउँसो एक कार्यक्रमको आयोजना गरी मनाइएको थियो।

# यसरी हुँदैछ पोखरामा दसैं भित्राउने पुरानो टुँडिखेल मेला

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज

सताब्दीभन्दा पहिलेदेखि नै पोखरा टुँडिखेलमा हुँदै आएको ऐतिहासिक दसैं मेला यसपटक पनि हुने भएको छ।

परम्परागत सामाग्री, रासन, लत्ताकपडादेखि च्यांग्रासम्म एकै थलोमा किनबेच गर्न पाउने गरी फूलपातीदेखि दसैंको भोलिपल्टसम्म टुँडिखेलमा दसैं मेला हुन लागेको हो।

'मुस्ताङदेखि च्यांग्राहरु टुँडिखेल आइपुग्थे। पोखरा र आसपासका बस्तीहरुबाट परम्परागत सामाग्री र उत्पादन लिएर त्यहीँ पुग्थे। पोखराका व्यवसायीहरुले रासनदेखि लत्ता कपडासम्म बिक्रीका लागि लैजान्थे। त्यहीँबाट आवश्यकताको पूर्ती र आर्थिक बिनिमय हुन्थ्यो। अनि बल्ल पोखरामा दसैं भित्रिन्थ्यो।'

राष्ट्रिय उच्च माविका प्राधानाध्यापक कृष्णलाल बास्तोला 'उदासी' पोखरा टुँडिखेलमा हुने ऐतिहासिक मेलाको यसरी स्मरण गर्छन्। पोखरामा दसैंको रौनक भित्राउने ऐतिहासिक टुँडिखेल मेला कहिलेदेखि सुरु भयो, ठ्याक्कै एकीन छैन। तर, सताब्दीअघि नै स्वतस्फूर्त रुपमा यो मेला हुँदै आएको स्थानीयहरु बताउँछन्। 'यो स्कुल २००६ मा खुलेको हो। तर, त्योभन्दा पनि यहाँ मेला लाग्थ्यो। ठ्याक्कै कहिलेदेखि भन्ने अभिलेख भेटिँदैन,' व्यवस्थापन समितिका अध्यक्ष मोहन दवाडी बताउँछन्। स्थानीयको आवश्यकता र आर्थिक




बिनिमय तथा किनमेलको ऐतिहासिक टुँडिखेल मेला यसपटक पनि हुने भएको छ। राष्ट्रिय उच्च मावि पोखराको व्यवस्थापनमा फूलपातीदेखि दसैंको भोलिपल्टसम्म यो मेला सञ्चालन हुने उनले बताए।

पहिले स्वतस्फूत रुपमा हुने यो ऐतिहासिक मेला २०७५ सालदेखि विद्यालयले व्यवस्थापन गर्न थालेको हो। त्यसअघि मेलामा हानाधान तथा गुण्डागर्दीसमेत भएर बद्नाम हुन थालेपछि व्यवस्थापनका लागि विद्यालयले नेतृत्व लिन थालेको प्रधानाध्यापक उदासीले बताए।'पहिले धेरै त यहाँकै स्थानीयले भेडाच्यांग्रा लिएर बिक्रिवितरण गर्थे। अन्त पाइँदैन थियो।

च्यांग्राका लागि टुँडिखेल नै पुग्नुपर्छ भन्ने थियो। यो प्राचिन हाट बजार थियो,' प्रधानाध्यापक उदासी भन्छन्, ' पछि टेन्डर हुन थालेपछि विकृति भित्रियो। काटमार हुन थाल्यो। मेलाको मौलिकता नै हरायो।' टुँडिखेल छाडेर हेमजा फाँट उक्लिन थालेका भेडाच्यांग्राको रौनक फेरि फर्काउने लक्ष्यसहित विद्यालय व्यवस्थापन समितिले दसैंको छेकोमा यसपल्ट पनि मेला आयोजना गर्दैछ। मेलामा भेडाच्यांग्रालाई व्यवस्थित गर्न गोठ पनि निर्माण गरिँदैछ।

विद्यालय व्यवस्थापन समितिका सदस्य तथा मूल आयोजक समितिका संयोजक बलराम अधिकारीका अनुसार अहिले कम्तिमा १० वटा गोठ निर्माण हुनेछ भने १ सय ५० वटासम्म स्टलहरु हुने छ। 'आवश्यकताअनुसार गोठ थपघट हुन पनि सक्छ,' उनले भने।

टुँडिखेलबाट दसैंका लागि आएका भेडाच्यांग्रा विस्थापन हुनुको अर्को कारण चरण क्षेत्रको अभाव रहेको पनि अधिकारीको भनाइ छ। 'वरिपरिका सबै चरण क्षेत्र घडेरीले प्याक भइसके। चरण क्षेत्र नै नभएपछि भेडाच्यांग्रा ल्याउने क्रम पनि विस्तारै टुट्नेक्रम बढेको हो,' उनले भने। अहिले पोखराकै वडा नं. २५ हेम्जामा भेडाच्यांग्रा राखिने गरिन्छ। विद्यालयका अनुसार दसैंको फूलपातीदेखि लाग्ने दसैं मेलामा भेडाच्यांग्राको गोठ व्यवस्थापनका लागि व्यापार ीसँग निश्चित रकम लिए पनि हस्तकलाका लागि भने शुल्क लिइने छैन।

## डेंगीबाट बच्ने उपायहरु:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अध्यॉंरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# एक नारीको कथा–'कृषि पेशाले बनाइदियो करोडपति'

–ऋषिराम बराल
लेखनाथ, ७ असोज (रासस)

कास्कीको लेखनाथस्थित अर्घौं चोकमा भैँसीपालन, तरकारी खेती र बाख्रापालनबाट मासिक डेढ लाख मुनाफा गर्नुहुन्छ म्याग्दीकी ४५ वर्षीया शिवमाया शेरपूर्जा ।

छोराछोरी बोर्डिङ पढाउनकै लागि म्याग्दीबाट विसं २०६३ मा पोखरा झर्नुभएकी उहाँलाई कृषि पेशाले छोटो समयमै करोडपति बनाइदिएको हो । विसं २०७१ मा लेखनाथको अर्घौं चोकमा १७ रोपनी जग्गा भाडामा लिएर केही हजार रकमबाट सुरु भएको शेरपूर्जाको कृषि फार्मको पूँजी अहिले करिब रु तीन करोड पुगेको छ । उहाँले सुरुमा दिदीबहिनी कृषि फार्म सञ्चालनमा ल्याएर तरकारी खेतीबाट आफ्नो पेशा अगाडि बढाउनुभएको थियो । नौ वर्षकै अवधिमा अहिले शेरपूर्जाको फार्ममा १८ लैना भैँसी, एउटा राँगो, चार लैना गाई, १५ पाडा-पाडी, चार बाच्छा-बाच्छी छन् । पन्ध्र रोपनी जमिनमा शेरपूर्जाले भैँसीका लागि थप ११ रोपनी जमिनमा घाँसखेतीसमेत गर्नुभएको छ । रासससँगको कुराकानीमा उहाँले भन्नुभयो, "दूध तथा तरकारी बिक्रीबाट मासिक रु तीन लाखभन्दा बढी आम्दानी हुने गरेको छ, खर्च कटाएर मासिक रु डेढ लाख बचत हुन्छ । उत्पादित तरकारीले विस्तारै बजार लिन थालेपछि गोबरका लागि भैँसीपालन गर्ने सोच बनाउँदा यसमा समेत मेरो आकर्षण बढ्यो ।" तरकारी खेती गर्ने क्रममा एक ट्र्याक्टर मलका लागि रु सात हजार बुझाउँदा शेरपूर्जाको मन खिन्न भयो र सोच्न थाल्नुभयो, गोबरका लागि भए पनि अब एउटा भैँसी पाल्नुपर्छ । तरकारी खेती सुरु गरेको तीन वर्षपछि विसं २०७३ मा उहाँले भैँसीपालन गर्ने सोच बनाउनुभयो । शेरपूर्जासँग भैँसी किन्ने पैसा थिएन । भैँसी किनेपछि दूध पनि बिक्री गर्न पाइने तरकारी उत्पादनका लागि गोबर पनि हुने भएकाले ऋण गरेरै भएपनि तराईबाट एउटा लैनो जर्सी भैँसी किनेर ल्याउनुभयो । मेहेनत गर्दै अगाडि बढ्नुभएकी शेरपूर्जा अहिले गाउँकै नमूना महिला कृषि उद्यमी बन्नुभएको छ । दुई वर्ष अगाडिदेखि उहाँले बाख्रापालनसमेत सुरु गर्दै आउनुभएको छ ।

त्यतिबेला शेरपूर्जाको श्रीमान् रोजगारीका लागि खाडी मुलुकमा हुनुहुन्थ्यो । श्रीमान्को कमाइले कोठामा बसेर खान र छोराछोरी बोर्डिङ पढाउन कठिन भइरहेकाले छोराछोरीको पढाइ खर्च जुटाउन र बिहान-बेलुका हातमुख जोड्नका लागि मैले पनि केही गर्नुपर्छ भन्ने हुटहुटी जाग्न थाल्यो । पोखरा-२७ को लेखनाथस्थित खराने फाँटमा बस्ने क्रममा उहाँले विसं २०७१ मा पोखरा-२७ कै लेखनाथस्थित अर्घौंमा १७ रोपनी जग्गा भाडामा लिएर दिदी-बहिनी कृषि फार्म सञ्चालनमा ल्याउनुभयो । फार्ममा गोलभैँडा, काक्रा, घिरौला, करेला, साग, काउली, बन्दालगायत तरकारी उत्पादन हुन थाल्यो ।

दुई-तीन महिला उहाँका तरकारी फार्ममा काम गर्छन् । बिहान ४ बजेदेखि बेलुका ६ बजेसम्म शेरपूर्जा बारीमै खटिनुहुन्छ । किनेको एउटा भैँसीको दूध पनि फार्मबाटै बिक्री हुन थाल्यो, मूल्य राम्रै पाएपछि त्यो भैँसी खरिद गरेको दुई वर्षपछि उहाँले २०७५ मा भैँसी थप्ने योजना बनाउनुभयो । तरकारी खेती विस्तारै अगाडि बढ्दै थियो भैँसी पनि थपेर आम्दानी वृद्धि गर्ने योजना थियो, शेरपूर्जाको तर पैसा थिएन । भैँसी खरिदका लागि ऋण लिन विभिन्न बैंक चाहर्ने क्रममा बङ्गलादेश बैंकले ऋण दिने भयो उहाँलाई । भैँसी खरिद र तरकारी खेती विस्तार गर्नका लागि शेरपूर्जालाई उक्त बैंकले रु ५० लाख रुपैयाँ दिने निर्णय गऱ्यो । बैंकबाट लिएको पैसामध्ये रु ३० लाख भैँसी खरिद र रु २० लाख तरकारीको टनेल बनाउन प्रयोग गर्नुभयो उहाँले । शेरपूर्जाले ऋण लिएको चार वर्षमै ऋण घटाएर रु १० लाखमा पुऱ्याउनुभएको थियो । छोराछोरी पढाउन र खान पुगेको छ, श्रीमान् पनि बिदेशबाट आएर पोखरा-२७ मा नै किराना पसल गर्नुभएको छ । अब विस्तारै बाख्राबाट पनि आम्दानी हुन्छ । भैँसीको दूध फार्मबाट प्रतिलिटर रु एक सय २० मा बिक्री हुने गरेको र केही दूध डेरीले बिक्रीका लागि लाने गरेको जानकारी उहाँ दिनुहुन्छ ।

"अहिले मेरो फार्मको पूँजीको मूल्याङ्कन रु तीन करोड गरिएको छ । सत्र रोपनी जमिनबाट बढाएर उहाँले अहिले २९ रोपनी जग्गा भाडामा लिनुभएको छ । १७ रोपनीमा भैँसी, तरकारी र बाख्रा फार्म छ भने ११ रोपनीमा भैँसीका लागि घाँस उत्पादन गरेकी छु । कृषि पेशाबाटै छोरोले इञ्जीनियर र छोरीले नर्स विषय पढे", शेरपूर्जा भन्नुहुन्छ, "लेखनाथमा आफ्नै एउटा घर पनि छ ।"

कृषि कार्यालयले केही मात्रामा आर्थिक अनुदान दिएको छ । भैँसीपालन र तरकारी खेतीको तालिम पनि लिनुभएको छ ।



फेवाताल र लेकसाइडको दृश्य : पोखरा महानगरपालिका वडा नं १८ सराङ्कोटबाट देखिएको फेवाताल र लेकसाइडको दृश्य । लगातार परेको वर्षाका कारण मौसम अझै सुधार हुन सकेको छैन । तस्वीर : रासस

# छन्त्याल युवा संघ कास्कीमा नयाँ नेतृत्व

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज



नेपाल छन्त्याल युवा संघ कास्कीको अध्यक्षमा मोहन छन्त्याल सर्वसम्मत निर्वाचित भएका छन् ।

जिल्लाको १२ औ साधारणसभा तथा छैटौं जिल्ला अधिवेशनबाट मोहन छन्त्यालको नेतृत्वमा तीन वर्षे कार्यकालका लागि नयाँ समिति चयन भएका हुन् । सो समितिको उपाध्यक्षमा सुजन छन्त्याल चुनिए भने कुशलतापूर्वक कार्यसम्पादन गरेको भन्दै सचिवमा नवीन छन्त्याल निर्वाचित भए । यसैगरि सो समितिको कोषाध्यक्षमा मविना छन्त्याल चयन भइन् । भने सदस्यहरुमा राम छन्त्याल, ठम बहादुर छन्त्याल, चन्द्र बहादुर छन्त्याल, श्रीप्रसाद छन्त्याल, नितु छन्त्याल र रञ्जिता छन्त्याल चुनिएका छन् । सुबेदार धन बहादुर भलञ्जा छन्त्यालको नेतृत्वमा रहेको नेपाल छन्त्याल संघ कास्की र माया तथप्जा छन्त्यालको नेतृत्वमा रहेको महिला समिति भने सर्वसम्मत यथावत राखिएको युवा समितिका सचिव नवीन छन्त्यालले जानकारी दिए । उनका अनुसार छन्त्याल समाजले हरेक वर्ष माघे संक्रान्तिको अवसरमा पोखरा ३ नदीपुरको आफ्नै खेलमैदानमा पुरुष तथा महिला भलिबल प्रतियोगितासँगै विभिन्न मनोरञ्जनात्मक साँस्कृतिक कार्यक्रम आयोजना गर्दै आएको छ । सोही अनुरुप यस वर्ष पनि तयारीमा जुटेको नवनिर्वाचित सचिव छन्त्यालले बताए । 'हामीले हरेक वर्ष माघे संक्रान्तिको अवसरमा मेला आयोजना गर्दै आएका छौं, उनले भने, 'यो वर्षपनि हामीले मेला गर्ने भनेर तयारी छौं । के कसरी अझ ऐतिहासिक मेला गर्न सक्छौं भनेर कसरतमै लागिराछौं ।' तिहारको अवसरमा गाउँघरमा खेलिने देउसी भैलोको संरक्षण गर्ने उद्देश्यले नवनिर्वाचित समितिले पोखरामै देउसी भैलो खेल्ने निर्णय गरेको सचिव छन्त्यालले बताए ।

पछिल्लो समय कला संस्कृतिको संरक्षणको नाममा विकृती बढेको बताउदै उनले मौलिकता झल्कने गरि देउसी भैलो कार्यक्रम आयोजना गरिने उनले जानकारी दिए । 'हामीले आफ्नो समुदायको संस्कार र संस्कृति जगेर्ना गर्ने उद्देश्यले यो वर्षपनि देउसीभैलो खेल्ने निर्णय गरेका छौं, छन्त्यालले भने, ' त्यसैले हामी सोही अनुरुप नै तयारी पनि थालेका छौं । यसले हाम्रो अस्तित्व र मौलिकताको संरक्षण गर्न महत्वपूर्ण भुमिका खेल्नेछ ।' छन्त्याल युवा संघद्वारा आयोजित विभिन्न कार्यक्रममार्फत संकलित रकमको केही हिस्सा असहाय तथा बिरामीहरुलाई सहयोग गर्दै आएको छ ।

# एक सय ३५ वर्ष पुरानो झोलुङ्गे पुल मर्मतको पर्खाइमा

रासस
म्याग्दी, ७ असोज

विसं १९४४ मा स्थानीय प्रविधि र स्रोतसाधनको प्रयोग गरी बनाइएको झोलुङ्गे पुल मर्मतको पर्खाइमा छ । म्याग्दी सदरमुकाम बेनीस्थित मङ्गलाघाट र बेनी नगरपालिका-२ ज्यामरुककोटको हाँडेभिरलाई जोड्ने म्याग्दी खोलामा बनाइएको उक्त पुल हाल जीर्ण अवस्थामा छ ।

एक शताब्दी अघि बागलुङ गलकोटका समाजसेवी लालप्रसाद शेरचनले लुकुर वनको काँचो फलाम र म्याग्दीको रुमगाउँका स्थानीयवासीको सीपलाई प्रयोग गरी निर्माण गरेको उक्त पुल यस क्षेत्रकै पहिलो हो । बेनीका अगुवा ८४ वर्षीय नैनकुमार श्रेष्ठका अनुसार तत्कालीन समयमा काँचो फलामलाई गोलमा तताएर कुटेर साङ्ले लठ्ठा बनाएर पुल निर्माण गरिएको थियो ।

अहिले पुलमा प्रयोग भएका साङ्ले लठ्ठा सोही समयमा स्थानीय स्रोत र सीपलाई प्रयोग गरी बनाइएका हुन् । तत्कालीन समयमा दुईवटा साङ्ले लठ्ठामा फलामको पाता राखेर एउटा काठको फल्याकमात्रै राखेर वारपार गर्ने झोलुङ्गे बनाइएको थियो । विसं २०१४ मा बाबियाचौरमा बसोबास गर्ने पुलका निर्माणकर्ता शेरचनका नाति भीमप्रसाद शेरचनका दाजुभाइको पहलमा हालको झोलुङ्गे पुलको रूपमा विकास गरिएको श्रेष्ठले जानकारी दिनुभयो । "यो ठाउँमा त्यसअघि कुनै पुल थिएनन्, तत्कालीन गुल्मी र बागलुङमा अड्डा रहँदा म्याग्दी र पर्वतका सबैजसो यही बाटो भएर वारपार गर्थे । लामो समयसम्म म्याग्दीखोला पारि र वारिका स्थानीयले वारपार गर्ने मुख्य बाटो यही बन्यो", उहाँले भन्नुभयो । जिल्लाकै पुरानो र स्थानीय स्रोतसाधनलाई प्रयोग गरी बनाइएको पुल जीर्ण बनेपछि चार वर्षअघि बेनी नगरपालिकाको पहलमा सामान्य मर्मत गरिएको थियो । अहिले पुल जीर्ण छ । पुल जीर्ण बनेपछि आवतजावतमा समस्या भएको छ ।

पुरानो र ऐतिहासिक महत्वको पुलको काठ कुहिएको छ । जालीमा खिया लागेको छ । बेनी नगरपालिका-७ का वडाध्यक्ष रमेश श्रेष्ठका अनुसार प्राविधिकको सल्लाहअनुसार पुलको स्वरुप नबिग्रने गरी मर्मत र संरक्षण गर्ने योजना छ । साङ्ले लठ्ठाको तौल धेरै भएकाले नदीमा लठ्ठालाई तन्काउन तत्कालीन समयमा यस क्षेत्रका प्रायःजसो सबै गाउँबाट स्थानीय बेनी झेरका बुढापाका बताउँछन् ।

# तीन उद्योग कारबाहीमा

रासस
तनहुँ, ७ असोज

उपभोक्ता हितविपरित खाद्यान्न उत्पादन गर्ने उद्योग कारबाहीमा परेका छन् । अर्को एक उद्योगको मुद्दा विचाराधिन अवस्थामा रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय दमौलीले जनाएको छ । बजार अनुगमनको क्रममा उपभोक्ता हितविपरित काम गर्ने व्यास-२ दमौलीस्थित सृष्टि एण्ड सितल बेकरी उद्योग र पोखरा-१ कास्कीको लक्ष्मी एण्ड सन्तोष दालमोठ उद्योग कारवाहीमा परेका छन् । भरतपुर-१ चितवनस्थित कुँवर एण्ड ब्रदर्श ग्रुपको मुद्दा विचाराधिन अवस्थामा छ ।

बेकरी उद्योगका सञ्चालक राममाया कुमाल र मुजफ्फरपुर भारत घर भई हाल दमौली बस्ने सोनेलाल सहनीलाई जिल्ला प्रशासन कार्यालय तनहुँले भदौ ५ गते जनही रु १५/१५ हजार जरिवाना गरेको थियो । बेकरी उद्योगले आफ्नो उत्पादनमा अर्को लेबल प्रयोग गरेको, उद्योग नवीकरण नगरेको, सरसफाइ नगरेको कसुरमा डिभिजन कार्यालयले भदौ ५ गते ४०/४० हजार रुपैँया जरिवाना माग गर्दै जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरेको थियो । तनहुँमा गरिएको बजार अनुगमनको क्रममा दालमोठमा लेवल नराखिएको भेटिएपछि पोखरा-१ कास्कीमा रहेको लक्ष्मी एण्ड सन्तोष दालमोठ उद्योगलाई रु पाँच हजार जरिवाना गरिएको छ । डिभिजन कार्यालयले कारवाही माग गर्दै भदौ १ गते जिल्ला प्रशासन कार्यालय तनहुँमा मुद्दा दायर गरेको थियो । उपभोक्ता हितलाई प्राथमिकतामा राखेर आफूले खाद्य, दाना, बजार, उद्योग, होटलको अनुगमन तीव्र पारेको र कैफियतको शङ्का लागे नमूना सङ्कलन गरी परीक्षणको लागि पठाइने डिभिजन कार्यालयका प्रमुख प्रशान्त पोखरेलले बताउनुभयो । आर्थिक वर्ष २०७८/७९ मा उपभोक्ता अधिकार हनन गर्ने शुक्लागण्डकी नगरपालिका-६ शुक्लास्थित कृष्ण पाउरोटी उद्योगलाई रु पाँच हजार, भिमादनगरपालिका-६ भिमादस्थित अभिषेक बेकरी उद्योगलाई रु सात हजार पाँच सय, भक्तपुरस्थित क्षितिज पुष्टकारी उद्योगलाई रु एक हजार, भरतपुरस्थित ग्लोबल एग्रो प्रोडक्ट्सलाई रु ३० हजार, भरतपुरकै कुँवर एण्ड ब्रदर्श ग्रुपलाई रु १० हजार र नवरपुर स्थित सरस्वती डेरी उद्योगलाई रु तीन हजार जरिवाना गरिएको थियो । बजारमा कुनै खाद्यान्नमा कैफियत देखिए आफूले प्रमुख जिल्ला अधिकारी समक्ष कारबाही माग गर्दै मुद्दा दायर गरिने कार्यालय प्रमुख पोखरेलले बताउनुभयो । गत आर्थिक वर्षमा एक सय ७७ खाद्य नमूना र १३ वटा दानाको नमूना परीक्षण गरिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार यो वर्ष २४ वटा उद्योग, खाद्य अनुगमन ५० वटा र आठ वटा दाना बजारको अनुगमन गर्ने लक्ष्य रहेको छ । २०७५ साल कात्तिक १५ गतेदेखि दमौलीमा सेवा सुरु गरेको कार्यालयको तनहुँ, गोरखा, लमजङ, मनाङ र पूर्वीनवरपरासी समेतमा क्षेत्र पर्दछ । कार्यालयमा हाल एक कार्यालय प्रमुख, दुई जना प्राविधिक सहायक, एक कार्यालय सहयोगी गरी चार जना हुनुहुन्छ । उपभोक्ता अधिकार हनन् गर्ने छुट कसैलाई नभएकोले खाद्य उत्पादक उद्योग विशेष सतर्क रहनुपर्ने तनहुँका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले बताउनुभयो । "उपभोक्ताहितमा खाद्य उद्योग विशेषगरी गम्भीर बन्न जरुरी छ", प्रजिअ अर्यालले भन्नुभयो, "उपभोक्ता हितविपरितको गतिविधि देखिए सङ्लग्न उद्योगी कारबाहीको भागिदार हुनुपर्दछ ।" बजारमा कुनै खाद्यान्नमा कैफियत र शङ्का देखिए जानकारी दिने दायित्व र जिम्मेवारी आम नागरिकको पनि भएकाले नागरिक सचेत रहनुपर्नेमा उहाँले जोड दिनुभयो ।

# ऐना पहरामा ऐना पार्क बन्दै

पोखरापत्र संवाददाता
दमौली, ७ असोज

आँबुखैरेनी गाउँपालिका कार्यालयले पृथ्वी राजमार्ग खण्डमा पर्ने ऐना पहरामा ऐना पार्क बनाउन लागेको छ । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले चालु आवमा रु एक करोड ४० लाख विनियोजन गरेर आर्कषण पार्क बनाउन लागिएको हो ।

बहुवर्षीय योजनाअन्तर्गत आफ्नै स्रोतमा डिपीआर गरी प्रक्रियाअघि बढाइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । गाउँपालिकाको वडा नं २ र ४ को सिमानामा रहेको उक्त स्थानमा साहसिक खेल, सिसाको पुल, जीपलाइन, स्वीपिङ, ढुङ्गामा आर्कषण निर्माणलगायत संरचना निर्माण गरिनेछ ।

कूल रु पाँच करोड लागत अनुमान गरिएको गौरवको आयोजनामा राखेर काम गर्न लागिएको अध्यक्ष चुमानले बताउनुभयो । पृथ्वी राजमार्ग भएर दैनिक सयौं सवारीसाधान गुड्ने हुँदा पर्यटकलाई आकर्षित गर्न सकेको अवस्थामा आयआर्जन गर्न सकिने प्रचुर सम्भावना देखिएको छ । गाउँपालिका कार्यालयले वडा नं ६ को हिलेखर्क र वडा नं १ को गिरौनचौरलाई नमूना पर्यटकीय गाउँ घोषणा गरी बजेट विनियोजन गरेको छ । दुई वडाका गाउँलाई रु ३० लाखका दरले रु ६० लाख बजेट विनियोजन गरेको हो ।

गाउँपालिका कार्यालयले कार्यविधि बनाएर मौलिक प्रकृतिका घरको संरक्षण गरिने अध्यक्ष चुमानले जानकारी दिनुभयो । उक्त स्थानमा अब बन्ने घर पनि मौलिक किसिमको हुनेछ । उहाँले भन्नुभयो, "त्यहाँ रहेका घुमाउने घर गुरुङ समुदायको कला संस्कृति पर्यटकका लागि आर्कषण बन्नेछ ।"

# अनशनरत कँडेलको स्वास्थ्य अवस्था बिग्रँदै

रासस
चितवन, ७ असोज

हिन्दूराज्यको माग गर्दै नारायणगढस्थित नारायणी नदी किनारमा आमरण अनशन बस्नुभएका प्रेमनिधि कँडेल भारतद्वाजको स्वास्थ्य अवस्था बिग्रँदै गएको छ । अनशनको आज सातौँ दिन उहाँको स्वास्थ्य विभिन्न समस्या बढ्दै गएका छन् ।

अनशनरत भारद्वाजको नियमित स्वास्थ्य परीक्षण गर्नुभएका डा प्रशान्त कँडेलका अनुसार उहाँको शरीरमा ग्लुकोज र 'सोडियम'को मात्रा घटेको छ भने 'युरिकएसिड' र 'विलुरुविन'को मात्रा बढ्दै गएको छ । पिसाबमा युरिन एसिडोन बढेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उहाँको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ । स्लाइन दिनुपर्छभन्दा मान्नु भएको छैन ।" तत्काल उपचारको प्रक्रिया अगाडि बढाउनुपर्ने डा कँडेलले बताउनुभयो । श्री गण्डकी-नारायणी संरक्षण महाआरती परिषद्को आह्वानमा अध्यक्ष कँडेल आमरण अनशन बस्नुभएको हो । उहाँले सनातन हिन्दूराष्ट्र घोषणाका लागि दबाव दिन आमरण अनशन सुरु गर्नुभएको हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।

सम्पर्क:
९८२७१९९५८६
९८१९१७११७८

# पवित्रको १२ औं स्थापना दिवसमा खाद्यान्न सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

पोखरा-९, पृथ्वीचोकमा कार्यलय रहेको रानाभाट तथा भाट समाजद्धारा स्थापित पवित्र बचत तथा ऋण सहकारी संस्था लिंले स्थापनाको १२ औं वर्ष खाद्यान्न सहयोग गरी मनाएको छ।



संस्थाले मादी गाउपालिका तारकाङ घर भई हाल पोखरा ३ नदिपुरमा वस्दै आउनु भएका दिर्घमान रानाभाटको परिवारलाई खाद्यान्न सहयोग गरेको छ।

खाद्यान्न हस्तान्तरण गर्दै संस्थाका अध्यक्ष बुद्धिबहादुर रानाभाटले सहकारीले सामाजिक उत्तरदायित्व अर्न्तगत हरेक वर्ष स्थापना दिवसको अवसरमा व्यक्ति तथा संस्थाहरुलाई खाद्यान्न सहयोग गर्दै आएको वताएका थिए।

सो अवसरमा सहकारीका संस्थापक सचिव तथा सल्लाहकार कृष्ण रानाभाट, उपाध्यक्ष गुप्तबहादुर रानाभाट, सचिव चन्द्रु रानाभाट, कोषाध्यक्ष एकेन्द्र वञ्जराभाट, ऋण उपसमिति संयोजक यामबहादुर रानाभाट, सदस्यहरु रेवती अधिकारीभाट, लेखनाथ रानाभाट, प्रवन्धक संगिता रानाभाट र कार्यालय सहायक अप्सरा रानाभाटको उपस्थिति रहेको थियो।

# चाडपर्व लक्षित शान्ति सुरक्षाका विषयमा वडा नं. २६ मा छलफल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ असोज**

पोखरा महानगरपालिका वडा नं २६ वडा कार्यालयले चाडपर्व लक्षित शान्ति सुरक्षाका बिषयमा सरोकारवालहरुसँग बिहिबार छलफल कार्यक्रम गरेको छ।



कार्यक्रममा इलाका प्रशासन कार्यालय लेखनाथका प्रमुख कमलराज भण्डारीले चाडपर्वको समयलाई मध्यनजर गर्दै विशेष सुरक्षा व्यवस्था मिलाउन सुरक्षाकर्मीलाई आग्रह गरे। उनले उपभोक्ताहरु चाडपर्वमा बढी ठगीन सक्ने भन्दै सचेत हुनु पर्नेमा जोड दिए। उपभोक्ताहरु बजारमा अखाद्य बस्तुको बिक्री बितरण, कम गुणस्तरिय सामाग्री र चर्को मुल्यको मारमा पर्न सक्ने भन्दै बजार अनुगमनलाई तिव्रता दिन समेत आग्रह गरे।

इलाका प्रहरी कार्यालय डाँडाको नाक कास्कीका प्रमुख प्रहरी नायब उपरिक्षक प्रकाश दाहालले चाडपर्वमा लामोसमयसम्म घरवाहिर रहने, घरमा चावी लगाएर लामो विदा परिवार सहित घुम्न जाँदा चोरीका घट्ना बढ्न सक्ने उल्लेख गरे।

दाहालले चोरी र अपराधका घट्ना नियन्त्रण गर्न समुदाय र प्रहरीका विचमा सहकार्य हुनु पर्नेमा जोड दिए। अपराध नियन्त्रणका लागि वित्तिय संस्था, बढी भिडभाड र आर्थिक कारोबार हुने व्यवसाय, चोकहरुमा सिसि क्यामेरा जडान गरी निगरानी गर्नु पर्नेमा जोड दिए। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २६ का वडाध्यक्ष नरेन्द्र थापाले वडावासी र व्यवसायको सुरक्षाका लागि स्थानीय प्रशासनसँग सहकार्य गरेर अघि बढ्ने उल्लेख गरे। उनले सवै बित्तिय संस्था र व्यवसायीहरुले सिसि क्यामेरा जडान गरेर संभावित अपराध नियन्त्रणमा सहयोग गर्न आग्रह गरे। चाडपर्व लक्षित गरी वडा कार्यालयले सार्वजनिक स्थल, चोक, मठमन्दिर, मुख्य राजमार्ग र भित्री बजार तथा सडकहरुमा पनि निगरानी बढाईने उल्लेख गर्दै, वडाको अभियानमा सहयोग गर्न व्यवसायीहरुलाई आग्रह गरे। राजमार्गमा हिट एण्ड रनका घट्ना हुने गरेको उल्लेख गर्दै, त्यस्ता घटनाका दोषी पत्ता लगाउन पनि सिसि क्यामेरा प्रभावकारी हुने बताए। उज्यालो वडाका लागि महानगरपालिका र विद्युत वितरणकेन्द्र सँग समन्वय भैरहेको समेत अध्यक्ष थापाले त्यस अवसरमा जानकारी दिए।

कार्यक्रममा लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयले बजार व्यवस्थापन समितिले स्थानीय प्रशासन र वडासँग सहकार्य गरी बजार सुरक्षा योजना बनाउनु पर्नेमा जोड दिए। कार्यक्रममा सहभागीहरुले बजारका समस्या, सुरक्षा चुनौती र सहकार्यका क्षेत्रका बिषयमा आफ्ना धारणाहरु राखेका थिए।

वडाध्यक्ष नरेन्द्र थापाको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य तिर्थबहादुर राजभाट, सुदिपराज ढुंगाना, लक्ष्मीदेवी भट्टराई, सुजता बराल सुनार, वडासचिव मिना भट्टराई भण्डारीले लगायतले बोलेका थिए। पोखरा महानगरपालका वडा नं. २६ स्थायी घर भई ईलाका प्रशासन कार्यालय लेखनाथमा सरुवा भएर आएका कार्यालय प्रमुख कमलराज भण्डारी र हंसपुर इलाका प्रहरी कार्यालय डाँडाको नाकमा सरुवा भै आएका प्रहरी नायव उपरिक्षक प्रकाश दाहाललाई सम्मान गरिएको थियो।

# आगामी वैशाख १ गतेदेखि बन्दीपुरमा केबलकार सञ्चालनमा आउँदै

**पोखरापत्र संवाददाता**
**दमौली, ७ असोज**

तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा निर्माणाधीन केबलकार परियोजनाको काम ७५ प्रतिशत सकिएको छ। पाँचतारे होटलसहित निर्माण भइरहेको परियोजनाको काम हालसम्म ७५ प्रतिशत सकिएको बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडले जनाएको छ।

विसं २०७५ साउनदेखि निर्माण सुरु भएको केबलकार परियोजना विभिन्न कारणले ढिलाइ हुँदै आएको लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले बताउनुभयो। "दुई वर्ष त कोभिड-१९ र बन्दाबन्दीका कारण परियोजनाको काम नराम्ररी प्रभावित भयो", उहाँले भन्नुभयो, "त्यसयता पनि निर्माण सामग्री समयमै आउन नसक्दा काम ढिलाइ हुँदै आयो। तर अहिले तीव्ररुपमा काम अगाडि बढेको छ।" उहाँका अनुसार यतिबेला केबलकार परियोजनाको काम द्रुत गतिमा अगाडि बढाइएको छ। केबलकार आगामी नयाँ वर्षदेखि सञ्चालनमा ल्याउने गरी काम थालिएको शर्माले बताउनुभयो। " विसं २०८० वैशाख १ गतेदेखि केबलकार सञ्चालनमा आउँछ, केबलकारको टावर जडान सुरु भएको छ", उहाँले भन्नुभयो। शर्माका अनुसार केही दिन अगाडि मात्रै केबलकारका सामान झारिएको छ। "टावरको सामान आउन ढिलाइ भयो, अहिले सामान झारेर काम सुरु भएको छ", उहाँले भन्नुभयो।

बन्दीपुर गाउँपालिका-४ बरालथोकमा पाँच तारे होटलको निर्माण कार्य भने तीव्र गतिमा भइरहेको छ। केबलकार सिधै होटलभित्र छिर्ने प्रविधिसहित काम भइरहेको छ। पाँचतारे होटलसहितको केबलकारमा लगानी वृद्धि भएको छ।

केबलकार र होटलको क्षमता बढेकाले लगानी पनि वृद्धि भएर रु दुई अर्ब ६० करोड पुगेको छ। यस अगाडि केबलकारको क्षमता प्रतिघण्टा तीन सय रहेकामा त्यसलाई बढाएर पाँच सय पुर्‍याइएको छ। होटलको कोठा सङ्ख्या ६६ रहेकामा त्यसलाई बढाएर ८७ पुर्‍याइएको छ। दश तल्लाको होटलसहितको भवनमा आधुनिक भ्यूटावर, बेनक्युट हल र ८० कोठाका स्तरीय होटल निर्माण हुनेछ। होटलको पूर्वाधारको काम सकिएको र फिनिसिङको काम बाँकी रहेको शर्माले बताउनुभयो। कम्पनीले केबलकारभित्रै रेस्टुराँ सञ्चालनको तयारीसमेत गरेको छ। साँझ ५ बजेपछि केबलकारभित्रै रेस्टुराँ सञ्चालन हुनेछ। एक घण्टाको रु २५ हजार शुल्क तिरेपछि रु १०/१५ हजार बराबरको खानाको सुविधा पनि दिइने जनाइएको छ। "केबलकारभित्र रेष्ट्रोको सुविधा प्रत्येक आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको खाली समय साँझ ५ बजेदेखि ९ बजेसम्म यो सेवा दिने तयारीमा छौं", शर्माले भन्नुभयो। उहाँका अनुसार तल्लो र माथिल्लो स्टेशनमा रेष्टुरेन्ट हुने भएकाले रेष्ट्रो प्याकेजमा सेवा दिन सक्नेछ। यहाँ ल्याण्डस्क्यापिङ र कृत्रिम झरना पनि बनाइनेछ। बन्दीपुरको ऐतिहासिकता झल्कने गरी बन्दीपुर घडी : बन्दीपुर गार्डेन बनाउने लक्ष्य लिइएको छ। यस गार्डेनभित्र बटम स्टेशनको पाँच तला माथिबाट पानीको आकर्षक झरना बनाइनेछ। यसले पर्यटकलाई लोभ्याउने विश्वास गरिएको शर्माले बताउनुभयो। यसैगरी वाटर पार्क, म्युजिकल वाटर शो बनाउने लक्ष्य छ। लिमिटेडले बन्दीपुर केबलकारको आइपिओ खुलाउने तयारी गरेको छ। सर्वसाधारणका लागि एक सय कित्ता बराबरको आइपिओ खुला गरिनेछ। बन्दीपुर गाउँपालिका-४ ठुल्दुङ्गाबाट सुरु हुने केबलकार सोही वडाको बरालथोकसम्म पुग्छ। केबलकारबाट एशियाकै ठूलो दाबी गरिएको विमलनगर स्थित सिद्धगुफा पनि अवलोकन गर्न सकिनेछ। ठूल्दुङ्गास्वाँराबाट सुरू हुने केबुलकार सिद्धगुफाको छेउ हुँदै बन्दीपुरको उचाइसम्म पुग्नेछ। केवलकारले एक किलोमिटर छ सय मिटर यात्रा गर्नेछ। आरकेडी रियल स्टेट एण्ड कन्स्ट्रक्सन प्रालि, पन्चासे केबुलकार एण्ड टुर्स प्राली, टुरिजम इन्भेष्टमेन्ट फण्ड लिमिटेड, बन्दीपुर गाउँपालिका र स्थानीयवासीको लगानीमा केबलकार परियोजना निर्माणको कामलाई अगाडि बढाइएको हो। लगानी दाता कम्पनी नेपाल र विदेशमा बस्ने नेपालीको कम्पनी हो, जहाँ एक हजार एक सयभन्दा बढी लगानीकर्ता रहेका छन्।

# बागलुङको प्रभा माविको ६२ वर्षे यात्रा : छाप्रोदेखि नमूना विद्यालयसम्म

**-डम्मर बुढामगर**
**बागलुङ, ७ असोज (रासस)**

एक दशक अगाडिसम्म प्रभा माध्यमिक विद्यालयको भौतिक अवस्था निकै कमजोर थियो। विद्यालय भवनको अभावमा कुनै समय स-साना छाप्रोमा पनि पठनपाठन गर्नुपर्‍यो। विद्यार्थीको चाप र कक्षाकोठा र डेक्स बेञ्चको अभाव पनि उस्तै। अभावै अभावमा गुज्रिएको विद्यालय अहिले जिल्लाकै नमूना बनेको छ।

अझै पनि विद्यालयमा समस्या छन्, नभएका होइनन्। तर अहिले विगतको तुलनामा निकै सुविधासम्पन्न भएको छ।

निसीखोला गाउँपालिका-३ झिवाखोलामा रहेको यस विद्यालय पश्चिम बागलुङकै अग्रणी विद्यालयमध्येमा पर्छ। निसीखोलामा यस विद्यालयभन्दा अगाडि धेरै विद्यालय स्थापना भए पनि सबैभन्दा पहिले माध्यमिक तहसम्म पढाइ हुने पहिलो विद्यालय भने प्रभा मावि नै हो।

विसं २०१७ मा स्थापना भएको विद्यालय २०२७ सालमा मध्यमिक तहसम्म पढाइ थालिएको थियो। विसं २०२८ मा नयाँ शिक्षा नियम लागू भएपछि विद्यालयलाई माविबाट निमाविमा झारिएको थियो। विद्यार्थीको चाप र स्थानीयको मागपछि सरकारले १४ वर्षपछि पुनः २०४२ सालमा मावि तहमै रुपान्तरण गरी पठनपाठन सञ्चालन गरिँदै आइएको छ। निसीखोलामा प्रभा माविभन्दा अघि यस क्षेत्रमा माध्यमिक तहसम्म पढाइ हुँदैनथ्यो। साविक बोहरागाउँ, निसी र देवीस्थान गाविसअन्तर्गतका विद्यार्थी घण्टौं लगाएर यस विद्यालयमा पुगेर अध्ययन गर्दै आएका थिए। तर पछि निसीमा ज्ञानेन्द्र मावि, देवीस्थानमा देवीस्थान माविमा १० कक्षासम्म पढाइ हुन थालेपछि यस क्षेत्रका विद्यार्थीलाई केही राहत पुगेको थियो। लामो समय माध्यमिक तहसम्म पठनपाठन हुँदै आएको यस विद्यालयमा विसं २०६७ देखि बाह्र कक्षा सञ्चालनमा आयो। कक्षा १२ सम्म सञ्चालनमा आएपछि निसीखोलाका विद्यार्थीलाई सहज भएको छ। किसान मजदुरका छोराछोरीले पनि घरबाटै उच्च शिक्षा हासिल गर्न पाउने वातावरण तयार भएको स्थानीय बताउँछन्।

झिवाखोलामा बाह्र कक्षा सञ्चालन नहुँदा यहाँका सयौँ विद्यार्थी उच्च शिक्षा लिन निसीखोला बाहिर जानुपर्ने बाध्यता थियो। निसीखोलाको केन्द्र भागमा रहेको हुँदा विद्यार्थीको चाप पनि उत्तिकै छ। विद्यालयमा स-साना टहरादेखि काठ र ढुङ्गाबाट बनेका भवनमा पठनपाठन सञ्चालन गर्दै आएको यस विद्यालयमा अहिले सुविधासम्पन्न भवन बनेका छन्। भौतिक संरचनाका हिसाबले सुविधासम्पन्न भएको र अब शिक्षालाई गुणस्तरीय बनाउनतर्फ लागेको विद्यालयका प्रधानाध्यापक नवराज आचार्यले बताउनुभयो। उहाँले पछिल्लो समय कक्षा ११ मा विद्यार्थीको चाप बढेपछि विद्यालय भवनसमेत आवश्यक परेको बताउनुहुन्छ। "वर्षौंसम्म भौतिक संरचना अभावमा विद्यार्थीलाई कहिले खुला चौरमा, कहिले जीर्ण भवनमा राखेर पठनपाठन गरायौं, जोखिममै विद्यालय सञ्चालन गर्न बाध्य भयौं, केही वर्ष अघिसम्म पर्याप्त विद्यालय भवन थिएन, पुराना र जीर्ण भवनमा कक्षा सञ्चालन गर्नुपर्ने अवस्था थियो, अहिले विभिन्न सङ्घसंस्था र सरकारको सहयोगमा भवन निर्माण भएका छन्, निकै सहज भएको छ", आचार्यले भन्नुभयो, "अहिले भवन करिब-करिब अन्तिम चरणमा पुगेको छ, चारकोठे भवन बन्दै छ, यो बनिसक्यो भने भौतिक संरचानमा हामी कमजोर हुने छैनौं, अहिले विद्यार्थीको चाप पनि बेढेको छ।"

आचार्यले भौतिक संरचनाको पर्याप्ततासँगै अब गुणस्तरीय शिक्षा प्रदानतर्फ जोड दिन थालेको बताउनुभयो। नयाँ-नयाँ प्रविधिको विकाससँगै शिक्षहरूलाई पनि सोहीअनुसारको तालिम प्रशिक्षण दिएर शिक्षालाई गुणस्तरीय र प्रविधिमैत्री बनाउन थालेको आचार्यको भनाइ छ। "भौतिक संरचनाको विकाससँगै हामी अब कसरी गुणस्तरीय शिक्षा प्रदान गर्न सक्छौं भन्नेतर्फ केन्द्रित भएका छौं, अहिलेसम्म भवन अभाव थियो, अब त्यति धेरै समस्या नहोला, विद्यार्थीको चाप पनि बढेकै छ, विभिन्न सङ्घसंस्थासँग सहकार्य गरेर शिक्षालाई प्रविधिसँग पनि जोडेर जाने लक्ष्य राखेका छौं", प्रअ आचार्यले भन्नुभयो।

अहिले विद्यालयमा सात सय ५० विद्यार्थी अध्ययनरत रहेको जानकारी गराउँदै उहाँले प्रावि तहमा पनि विद्यार्थीको आकर्षण बढ्दो रहेको बताउनुभयो। कक्षा १२ सम्म पढाइ हुने यस विद्यालयमा प्रावि तहमा एक सय ३०, आधार भूत र मावि तहमा गरी छ सय २० विद्यार्थी अध्ययनरत छन्। उहाँले नमूना विद्यालयका रूपमा यस विद्यालयलाई अगाडि सार्न माग गरिरहेको बताउनुभयो। अहिले कक्षा १ देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पढाइ भइरहेको उहाँको भनाइ छ। "विद्यार्थीको उत्साह निकै देखियो, यहाँ कहिल्यै पनि विद्यार्थीको कमी भएन, अहिले झन् विद्यार्थीको चाप बढेको छ, व्यवस्थापनलाई पनि हामीले चुस्त बनाएका छौं, ११ कक्षा र साना कक्षामा देखिएको विद्यार्थीको चापले हामी पनि उत्साहित भएका छौं", उहाँले भन्नुभयो, "शिक्षाको गुणस्तर राम्रो भएर पनि हो कि जस्तो लागेको छ, विद्यार्थीको बाक्लो उपस्थितिले हामी पनि खुसी छौं, अझै केही व्यवस्थापन गरिरहेका छौं, चारकोठे भवन बनिसकेपछि हाम्रा धेरै समस्या समाधान हुने छन्।" विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेशविक्रम शाहीले प्रभा मावि भौतिक संरचनाको विकाससँगै गुणस्तरीयशिक्षाका लागि आफूहरू लागिरहेको बताउनुभयो। उहाँले गोर्खा वेलफेयर ट्रसले १३ कोठे सुविधासम्पन्न भवन बनाइदिएपछि विद्यालयको भौतिक संरचनामा ठूलो परिवर्तन आएको भन्दै अब भौतिक संरचनामा विद्यालय कमजोर नरहेको बताउनुभयो।

"अब विद्यालय पहिलेको जस्तो भौतिक संरचनाको अभावमा गुज्रिनु पर्दैन, विभिन्न सङ्घसंस्थाको सहयोगले विद्यालय भवन निकै राम्रो बनेका छन्, अझै केही कोठा थपिँदैछन्", अध्यक्ष शाहीले भन्नुभयो, "निरन्नतर प्रयास गरिरहेका छौं, अब गुणस्तरीय शिक्षा कसरी प्रदान गर्न सकिन्छ भन्नेमा हाम्रो ध्यान केन्द्रित भएको छ।" विद्यालयमा विज्ञानका प्रयोगशाला, कम्प्युटरलगायत अन्य आवश्यक सामग्रीको समेत व्यवस्थापन भएको अध्यक्ष शाहीको भनाइ छ।

# द्वन्द्वपीडित भन्छन्- 'हामीले न्याय कहिले पाउने ?'

**रासस**
**बागलुङ, ७ असोज**

द्वन्द्वपीडितले आफ्नो अवस्था निकै कमजोर बन्दै गएको बताएका छन्।

उनीहरुले वर्षौंदेखि आफन्तको न्यायका लागि लड्दालड्दै भएको जायजेथासमेत सकिएको गुनासो गरेको छन्। बागलुङमा आयोजित एक कार्यक्रममा बोल्ने वक्ताले सशस्त्रद्वन्द्वका समयमा बेपत्ता भएका, मरेका तथा मारिएकाको आफन्तले अहिलेसम्म सरकारले कुनै पनि जानकारी दिन नसकेको गुनासो पोखेका छन्। "हामीहरु धेरै लामो समयदेखि न्यायको प्रतिक्षामा छौं, द्वन्द्वमा आफन्ता गुमाउनुपरेको पीडा त मुटुमा छँदैछ, समाजमा र राज्यले उनीहरू प्रति गरेको असामान्य व्यवहारले थप चोट पुगेको छ, त्यस बेलामा हाम्रा आफन्त कर्तव्य बोध गरी मुलुक र नागरिक जोगाउनका लागि आफ्नो ज्यान दिए तर अहिले उनीहरुको सम्मान राज्यले गर्न सकेन, बेपत्ता परिएका र उनीहरुका परिवारको बेवास्ता गर्दा दुःख लाग्छ", उहाँहरुको भनाइ थियो। द्वन्द्वपीडित सचिनान्द विकले लामो समयदेखि न्यायका लागि लडे पनि आफूहरुले न्याय पाउन नसकेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "हामीले न्याय कहिले पाउने ?, लड्दालड्दै थकित भयौं, अहिलेसम्म न्याय पाउन सकेनौं, हाम्रा आफन्त कहाँछन्, कस्तो अवस्थामा छन् ?, त्यसको सोधखोज यतिका समय बितिसक्दा पनि हुन सकेन।" उहाँले द्वन्द्वपीडितको अवस्था दिनप्रतिदिन नाजुक र दयनीय बन्दै गएको भन्दै जीवनस्तर उकास्न कसैको ध्यान नपुगेको गुनासो गर्नुभयो। उहाँले लामो समयदेखि न्यायका लागि सङ्घर्ष गरिरहेका नागरिकलाई सरकारले मलमपट्टी गर्न नसकेको भन्दै पीडित झन्झन् पीडामा परिरहेको बताउनुभयो। "हामी लामो समयदेखि निरन्तर न्यायका लागि सङ्घर्ष गरिरहेका छौं, हाम्रो अवस्था दिनदिनै नाजुक बन्दै गएको छ, हाम्रो जीवनस्तर उकास्नसमेत कसैको ध्यान पुगेन, हामी न्यायका लागि हिँड्छौं तर कहीँकतैबाट हाम्रो सुनुवाइ भएन", विकले भन्नुभयो, "पीडतलाई सामान्य सान्त्वनासमेत कसैले दन सकेन, यसले गर्दा अहिले धेरै द्वन्द्वपीडित झन् पीडा मान्छन्।" उहाँले सरकारले पीडितको जीविकोपार्जनका लागि सहज वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो ,"अलिअलि भएको जायजेथा पनि न्याय खोज्दाखोज्दै सकिन थाल्यो, वर्षौं भयो हामीले हाम्रो आफन्त गुमाएको, कतैबाट हाम्रो अवस्था बुझ्न कोही आएन, पीडितको जीविकोपार्जनका लागि सरकारले केही त गर्न सक्थ्यो होला नी तर अहिलेसम्म केही गरेन, पीडित परिवारलाई अहिले पनि धेरै समस्याले झेलेको छ, सम्बन्धित निकाय यस प्रतिगम्भीर भएन, हामी अन्यायमा पर्‍यौं भनेर सुनाउने ठाउँसमेत छैन।"

# गोरखामा अवैध हातहतियारसहित तीन पक्राउ

**पोखरापत्र संवाददाता**
**गोरखा, ७ असोज**

गोरखामा अवैध हातहतियारसहित तीन जना पक्राउ परेका छन्।

पक्राउ पर्नेमा बारपाक सुलिकोट गाउँपालिका-१ का ५३ वर्षीय सीताबहादुर घले, ६० वर्षीय माइला घले र वडा नं २ का २६ वर्षीय कृष्णप्रसाद घले छन्। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेका अनुसार गोठमा लुकाइराखेको अवस्थामा फरक-फरक स्थानबाट तीन थान भरुवा बन्दुक बरामद गरिएको हो।

इलाका प्रहरी कार्यालय जौवारीको टोलीले तीनैजनालाई पक्राउ गरेको हो। पक्राउ परेका सीताबहादुरको घरबाट एकनाले सर्ट गनसहित त्यसमा प्रयोग हुने गोली २४ थान र ३४ थान गोलीको खोका बरामद भएको लामिछानेले बताउनुभयो। अन्य दुई जना माइला घलेको गोठबाट र कृष्णप्रसादको घरबाट बन्दुकसहित पक्राउ परेका हुन्।